# बालविवाह तथा बालयौन दुर्व्यवहार विरुद्ध सचेतना

(सामाजिक न्यायका लागि महिलाहरुको आर्थिक सशक्तिकरण परियोजना)

विकासका लागि स्थानीय स्वयंसेवकहरुको प्रयास
(सल्भ नेपाल)
काठमाडौं, नेपाल

विकासका लागि स्थानीय स्वयंसेवकहरुको प्रयास
२०४६
SOLVE
NEPAL

FCA

Women's Bank

SOLVE
NEPAL

FCA

Women's
Bank

# नेपालको कानूनमा विवाह




SOLVE NEPAL

FCA

Women's Bank

# नेपालको कानूनमा विवाह

- नेपालको कानून अनुसार कुनै पुरुष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पति पत्नीको रुपमा स्वीकार गरेमा विवाह भएको मानिनेछ ।

- तर विवाहले कानूनी मान्यता पाउनका लागि पति पत्नीका रुपमा स्वीकार गर्न दुबैको मन्जुरी भएको, हाड नातामा नपर्ने, पुरुष र महिला दुवैको वैवाहिक सम्बन्ध कायम नरहेको अवस्था, बीस वर्ष उमेर पूरा भएको हुनु पर्नेछ ।

SOLVE NEPAL

FCA

Women's Bank

# बालविवाह र कम उमेर विवाह



बालविवाह

कम उमेर विवाह



# बालविवाह र कम उमेर विवाह

- नेपालको कानूनले १८ वर्ष पुरा नगरेको व्यक्तिलाई बालबालिका भनिएको छ ।
- कानून अनुसार विवाहका लागि योग्य भनेर २० वर्ष उमेर तोकिएको छ ।
- त्यसैले १८ बर्ष भन्दा कम उमेरमा हुने विवाहलाई बालविवाह भनिन्छ ।
- १८ वर्ष माथि तर २० वर्ष भन्दा कम उमेरमा हुने विवाहलाई कम उमेर विवाह भनिन्छ ।
- यस उमेरमा गरिएको विवाह कानूनी हिसाबले स्वतःबदर हुन्छ ।

# नेपालमा बालविवाह तथा बालयौन दुर्व्यवहारको अवस्था



SOLVE NEPAL

FCA

Women's Bank

# नेपालमा बालविवाह तथा बालयौन दुर्व्यवहारको अवस्था

- केन्द्रिय तथ्यांक विभागले सन् २०१६ गरेको जनसाङ्खिक तथा स्वास्थ्य सर्वेक्षण अनुसार २५-४९ वर्षका ५२% महिला र १९% पुरुषको १८ वर्ष उमेर भित्र विवाह भएको पाइएको छ ।
- सन् २०१६ मा ललितपुर जिल्लाका तत्कालिन अस्राङ, ठुलार्दुलुङ र गिम्दी गाविसहरुमा २६२ घरधुरी सहभागीहरुमा बालविवाह सम्बन्धि गरिएको अध्ययनले ५२.७ प्रतिशतले १६-२० वर्षको उमेरमा विवाह भएको जानकारी गराएको थियो (लूनि:भा, २०१६)
- आर्थिक वर्ष २०७६/७७ मा बालविवाह विरुद्ध ६४ वटा घटना नेपाल प्रहरीमा दर्ता भै कानुनी कार्वाही भएको छ ।
- प्रहरी प्रधान कार्यालयको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७६/७७ मा जबरजस्ती करणी अपराधबाट कूल १३९३ जना बालिका पीडित भई प्रहरी कार्यालयमा उजुरी भएको छ ।

SOLVE NEPAL

FCA

Women's Bank

# बालविवाह हुनुका कारणहरु





SOLVE NEPAL

FCA

Women's Bank

# बालविवाह हुनुका कारणहरु

बालविवाह हुनुमा धेरै कारणहरु रहेका छन् । ललितपुर जिल्लाका तत्कालिन तीनवटा गाउँ विकास समिति (गाविस) हरुमा गरिएको अध्ययनले बालविवाहका निम्न कारणहरु देखाएको छ ।

### व्यक्तिगत कारणहरु

- बालविवाह बारेमा स्पष्ट जानकारी नहुनु ।
- राम्रो केटा जोडिको रुपमा भेटिनु ।
- विवाहपूर्व शारीरिक यौनसम्पर्क तथा गर्भ रहेको कारण सामाजिक डरले भागी बालविवाह हुनु ।
- बालबालिका स्वयम् बालविवाहको परिणामबारे अनभिज्ञ ।
- घरको बन्धनबाट मुक्त भै स्वतन्त्र हुने विश्वास ।
- स्कूलको पढाइ बिचैमा छोड्नु ।

### पारिवारिक कारणहरु

- घरपरिवारको दबाव कम उमेर विवाह हुने ।
- आर्थिक समस्या तथा दाइजोको समस्या कम गर्न कम उमेरमा विवाह गरिदिने ।
- परिवारमा बालविवाह तथा कम उमेर विवाहको असरबारे जानकारी नहुनु ।
- घरायसी हिंसा र बालिकाहरु माथि हुने भेदभाव ।
- घरायसी काममा सघाउन सहयोगीका लागि विवाह गर्ने ।

### सामाजिक कारणहरु

- बालबालिकाहरुको लागि आवश्यक परामर्श सेवाहरु उपलब्ध हुन नसक्नु ।
- धार्मिक विश्वास जस्तै बालिकामा विहे गराई खुट्टा धोएको पानी खान पाए स्वर्ग पुग्ने विश्वास ।
- छिमेकी तथा साथीहरुको देखासिकी तथा प्रभाव ।
- आधुनिक संचार (मोबाइल तथा फेसबुक जस्ता) माध्यमको गलत प्रयोग ।
- सुरक्षाको प्रत्याभूति नहुनु ।

SOLVE NEPAL FCA Women's Bank

# बालविवाह गर्ने गराउनेलाई सजाय




SOLVE NEPAL

FCA

Women's Bank

# बालविवाह गर्ने गराउनेलाई सजाय

- बालविवाह कानून विरुद्धको कार्य भएकाले यो स्वतः बदर हुन्छ, अर्थात यसले कुनै कानूनी मान्यता पाउँदैन । आ-आफ्नो इच्छाले वा अरूको करकापले बालविवाह गर्न गराउन पाइँदैन ।
- त्यसैले बालविवाह गर्ने व्यक्ति वा बालविवाह गराउने बाबुआमा साथै अन्य सहयोगी व्यक्तिहरु समेतलाई सजाय हुने व्यवस्था रहेको छ । बालबालिका सम्बन्धी ऐन २०७५ ले बालविवाह गर्ने गराउनेको हकमा ७५ हजार रुपैँयासम्मको जरिवाना र ३ वर्षसम्मको कैदको व्यवस्था गरिएको छ ।
- आफूखुसी विवाह गरे, भागेर प्रेम विवाह गरे भन्ने आधारमा बालविवाह गर्ने बालक र बालिकाले पनि कानूनी कारवाहीमा पर्न सक्दछन् ।
- अपराध गर्दाको समय १८ बर्ष भन्दा कम उमेरका हकमा बालबालिकाको उमेर अनुसार कानून बमोजिम सजाय हुने व्यवस्था रहेको छ ।
- २० वर्ष भन्दा कम उमेरमा हुने बिबाहको बिबाह दर्ता नभै नाता कायम नहुने र बालबालिका अभिभावक विहिनका साथै अन्य धेरै कानूनी समस्याहरु पनि छन् ।

SOLVE NEPAL

FCA

Women's Bank

# बालविवाहका असरहरु



# बालविवाहका असरहरु




दिनेश अहिले २१ वर्षको भयो । उनी १७ वर्षको हुँदा १५ वर्षको बालिकासँग विवाह भयो । विवाहको कारण उनीहरु बीचको माया प्रेम थियो । विवाहको कारण दुबैले स्कूल पढ्न पनि छोडे । दिनेशले पढाइको कारण राम्रो जागीर पाउन सकेन र आम्दानी पनि एकदम कम भएकोले उसको बुवाको आम्दानीमा भर पर्नु पऱ्यो जस्ले गर्दा सधैं घरमा झगडाको कारण घर छोडेर जान बाध्य भए ।

राधिका अहिले २७ वर्षकी भइन् । उनी १७ वर्षको हुदां उनको हजूरआमा र हजूरबुवाले नातिनीको कन्यादान गरेर गोडा धोएको पानी खाएर मर्ने र स्वर्ग पुगिने भनि अडान गरेकोले उक्त उमेरमा विवाह गरिन । तर विवाह गरेको केहि समय पश्चात श्रीमानले झगडा गर्ने, पिट्ने गरेको र विवाहको ५ वर्ष पछि श्रीमानले उनी सहित ३ जना बच्चाहरुलाई छोडेर अर्कै महिलासँग विहे गरेर बसेकोले हाल राधिकाले बच्चाहरुको पढाई, घर खर्चको लागि निकै समस्या भोगिरहेकी छिन् ।

# बालविवाह अन्त्यका लागि नेपालमा भएका प्रयासहरु









SOLVE NEPAL

FCA

Women's Bank

# बालविवाह अन्त्यका लागि नेपालमा भएका प्रयासहरु

- बालविवाहका विरुद्धमा कानूनको व्यवस्था, जनचेतना कार्यक्रमहरु, उद्धार तथा पुर्नस्थापना एवम् शैक्षिक सहयोग, सीपमूलक तालिम जस्ता कार्यहरु भई आएका छन् ।
- सार्क मुलुकहरुमा बालविवाह अन्त्यका लागि क्षेत्रीय कार्य योजना तयार गरी बालविवाह विरुद्ध विभिन्न कार्यक्रम संचालन हुँदै आएको छ ।
- दीगो विकास लक्ष्यहरु अनुरुप सन् २०३० सम्ममा नेपालमा बालविवाह अन्त्य गर्ने लक्ष्यका साथ बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ पारित भएको छ ।
- नेपालमा रहेका करीब २३ हजार भन्दा बढी बाल क्लबहरु पनि बालविवाहका विरुद्धमा क्रियाशिल रहेका छन् ।
- बालबालिकाको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरु पनि बालविवाह अन्त्यका लागि विभिन्न किसिमका क्रियाकलापहरु सञ्चालन गरिरहेका छन् ।

SOLVE NEPAL

FCA

Women's Bank

# बालविवाह अन्त्य गर्नका लागि कसको के भूमिका








SOLVE NEPAL

FCA

Women's Bank

# बालविवाह अन्त्य गर्नका लागि कसको के भूमिका

- बालबालिकाले बालविवाह नगर्ने र साथीहरुलाई पनि उमेर नपुगी विवाह नगर्न सल्लाह सुझाव दिने ।
- बालबालिकाहरु मोबाइल तथा इन्टरनेटका माध्यमबाट हुने सम्पर्कबाट आउने मायाप्रेम, विवाह जस्ता प्रस्तावहरुमा सतर्क र सावधान रहने ।
- अभिभावकहरुले आर्थिक लोभमा परेर वा राम्रो कुलघरानाको मान्छे माग्न आएको छ भनेर वा दाइजो कम दिनु पर्छ भन्ने जस्ता कारण बालबालिकाको उमेर बीस वर्ष नपुगी विवाह नगरिदिने ।
- समुदायले बालविवाह हुन लागेको थाहा पाएमा रोक्ने, अभिभावक तथा बालबालिकालाई सम्झाउने, बालविवाह गर्ने गराउने परिवारलाई आवश्यकता अनुसार कानुनी कारबाहीको लागि पहल गर्ने ।
- बिद्यालयले बालविवाहका नकारात्मक असर, प्रजनन स्वास्थ्य लगायतका बारे विभिन्न माध्यमले सचेत गराउने, बालविवाहले जीवन जोखिममा पार्ने कुरा अनुभूति गराउने ।
- स्थानीय सरकारले बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ को कार्यान्वयका साथै बालविवाह बिरुद्ध न्यायिक समिति तथा गैरसरकारी संस्थाहरुलाई सक्रिय बनाउने ।
- स्थानीय सरकारले नीति, कार्यक्रम र बजेटमा बालविवाह अन्त्य विषयलाई प्राथमिकता दिने ।

# बालयौन दुर्व्यवहार





SOLVE NEPAL

FCA

Women's Bank

# बालयौन दुर्व्यवहार

- मुलुकी अपराध संहिताको करणी सम्बन्धी कसुर अन्तर्गत कसैले करणीका आशयले बालबालिकालाई अस्वाभाविक रुपमा एकान्तमा लगेमा, यौन सम्बन्धी निजको अङ्ग छोएमा वा समातेमा, यौन सम्बन्धी आफ्नो अङ्ग निजलाई छुन वा समाउन लगाएमा वा निजसँग अन्य कुनै किसिमको यौनजन्य अस्वाभाविक व्यवहार गरेमा बालयौन दुर्व्यवहार गरेको मानिनेछ ।
- बालयौन दुर्व्यवहार हुन शारीरिक सम्पर्क नै हुनुपर्छ भन्ने छैन । बालबालिकालाई नछोईकन वा सञ्चारका माध्याम (जस्तै फोन, ईमेल, इन्टरनेट) बाट पनि यौन दुर्व्यवहार हुनसक्दछ ।
- कुनै पनि ढङ्गले यौनआनन्द वा यौन प्रयोजनका लागि बालबालिकासँग गरिने कृयाकलापहरु बालयौन दुर्व्यवहार हुन् । यसले बालबालिकालाई शारीरिक तथा मानसिक रुपमा गहिरो असर पर्दछ । बालयौन दुर्व्यवहार एक गम्भीर अपराध हो र यो बालबालिकाको दोष होइन । बालयौन दुर्व्यवहारका केही उदाहरणहरु :
  - बालबालिकालाई अश्लील (छाडा) चित्रहरु, किताब, चलचित्र वा क्रियाकलाप देखाउनु ।
  - बालबालिकासँग मनोरञ्जनका निम्ति प्रत्यक्ष वा टेलिफोन, ईन्टरनेट लगायतबाट अश्लील कुराकानी गर्नु ।
  - बालबालिकालाई संवेदनशील (अप्ठ्यारो लाग्ने अङ्गहरु प्रदर्शन गर्न लगाई तस्वीरहरु वा भिडियो खिच्न ।
  - बालबालिकाको संवेदनशील (अप्ठ्यारो लाग्ने) अङ्गहरुमा छुनु ।
  - बालबालिकालाई संवेदनशील (अप्ठ्यारो लाग्ने अङ्गहरु प्रदर्शन गर्नु, छुन लगाउनु ।
- **तसर्थ बालयौन दुर्व्यवहारबाट सुरक्षित रहनका लागि बालबालिकालाई घरमा एक्लै नछोड्ने, अपरिचित व्यक्तिसँग भेटघाट गर्न नदिने, आफु कतै जाँदा घरमा कोही नभएको अवस्थामा आफैसँग लैजाने ।**

SOLVE NEPAL

FCA

Women's Bank

# बालविवाह तथा बालयौन दुर्व्यवहार सम्बन्धी उजुरी गर्ने स्थानहरु






SOLVE NEPAL

FCA

Women's Bank

# बालविवाह तथा बालयौन दुर्व्यवहार सम्बन्धी उजुरी गर्ने स्थानहरु

- बालविवाहका सम्बन्धमा वा बालयौन दुर्व्यवहार भएको थाहा पाउने जोसुकैले पनि उजुरी गर्न सक्दछन् ।
- उजुरी दिंदा नजिकको प्रहरी कार्यालयमा दिने तर प्रहरी कार्यालयले उजुरी लिएन भने सो उजुरी जिल्ला सरकारी वकिल कार्यालय वा उक्त उजुरी नलिने प्रहरी कार्यालय भन्दा माथिल्लो तहको प्रहरी कार्यालयमा उजुरी गर्न सकिन्छ ।
- यदी माथिल्लो तहको प्रहरी कार्यालयले सो उजुरी लिन नमाने प्रमुख जिल्ला अधिकारी समक्ष उजुरी दिन सकिनेछ । प्रमुख जिल्ला अधिकारीले पनि उजुरी नलिएमा सो सम्बन्धमा गृह मन्त्रालयमा उजुरी दिन सकिने छ ।
- बालविवाह तथा बालयौन दुर्व्यवहार सम्बन्धी तत्काल उजूरीका लागि निशुल्क फोन नं. १०९८, बालबालिका खोजतलास समन्वय केन्द्र फोन नं. १०४, नेपाल प्रहरी फोन नं.१०० मा सम्पर्क गर्न सकिन्छ ।.

# थप जानकारीका लागि


## विकासका लागि स्थानीय स्वयंसेवकहरुको प्रयास
## (सल्भ नेपाल)

तीनकुने, काठमाडौं, नेपाल

फोन नं :०१ ४४६८९६०, ५१०४६७६

इमेल : info@solvenepal.org.np, solve1@gmail.com

वेबसाइट : www.solvenepal.org.np